# आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

पाँचपोखरी थाङपाल गाउँपालिका
सिन्धुपाल्चोक

# आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकको तीन तहको सरकारको अवधारणालाई कार्यरुप दिन निर्माण गरिएको स्थानीय सरकारले संविधानत तोकिएको समयमा आफ्ना नीति तथा कार्यक्रम गाउँसभामा प्रस्तुत गर्नुपर्ने प्रावधानलाई आत्मसात गरि विभिन्न क्षेत्र र तह तप्कामा काम गर्ने सरोकारवालाहरुसँग राय सुझाव संकलन गरि स्थानीय सरकारले गरेका सकरात्मक कार्यलाई निरन्तरता दिदै आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्न लागि रहेका छौ ।

भौगोलिक विकटताले हरदिन प्रताडित यस हिमाली गाउँपालिका आफ्नो आन्तरिक आम्दानी न्युन रहेको र असिमित जनअपेक्षा सिमित स्रोत र साधनका बाबजुद गाउँपालिकाले विविध क्षेत्रको विकास निर्माण लगायत संस्थागत विकासमा पनि महत्वपूर्ण सफलता हासिल गर्ने अपेक्षा गरेका छौ । असिमित आवश्यकता र जनचाहनालाई पूर्णरुपमा सम्बोधन गर्न नसकिए तापनि पक्कै पनि तिर्खाएकाहरुलाई एक घुड्को पानी अवश्य बन्ने विश्वास लिएका छौ ।

बत्तिमुनीको अध्यारो भने झै संघीय राजधानी काठमाण्डौंबाट नजिक हुदाँहुदै पनि गाउँपालिकाको समग्र विकासमा पर्याप्त स्रोतको अभाव, आन्तरिक स्रोतको न्यूनता, भौगोलिक विकटता, सडक पूर्वाधारको दुरावस्था जस्ता कठिनाइले नराम्ररी गाँजेको यस पालिकाले सिमितता भित्रबाट पनि सडक खानेपानी भवन सिचाई शिक्षा स्वास्थ्य जस्ता पूर्वाधार क्षेत्रमा ठूलो लगानी गरी सकेको छ । कृषि तथा पर्यटन मार्फत पालिकालाई समृद्ध बनाउन अझै ठुलो परिश्रम गरि स्रोत र साधन जुटाउनु पर्ने अवस्था टड्कारो छ ।

बिग्रदो वातावरणीय अवस्थाका कारण उत्पन्न हुने डरलाग्दा महामारीजन्य रोगहरु वर्षायाममा आइपर्ने प्राकृतिक विपत्तिबाट हामी अछुतो रहन सकेनौं । २०७८ असार १ गते आएको याङग्री लार्के खोलाको मुहान क्षेत्रबाट आएको भिषण बाढीबाट प्रभावित क्षेत्रमा आवश्यकता अनुसार पूर्नबासको व्यवस्थापन गर्न नसकिए तापनि निरन्तर रुपमा बस्ती स्थानान्तरण भौतिक संरचनाहरु निर्माणलाई पहिलो प्राथमिकतामा राखी कार्य गर्दै आएको वेला हाम्रो गाउँपालिकालाई थप अपुरणीय क्षती हुन पुगेको यहाँहरुमा जगजाहेरै छ । यसै गाउँपालिका वडा नं ६ का स्थायी बासिन्दा यो भेगकै पुरानो माध्यामिक विद्यालय श्री थाङ्पालधाप मा. वि. का प्रधानाध्यापक श्री राधे बन्जाराको विद्यालयको कामबाट घर फर्किने क्रममा दुर्घटनामा परि असामयिक निधन हुन पुग्यो । त्यस्तै आफ्नो सम्पूर्ण जीवन थाङ्पालधाप मा. वि. मै समर्पण गर्नु भएका २०५४ सालमा नेकपा एमालेको तर्फबाट तत्कालिन थाङ्पालधाप गाविसमा निर्वाचित अध्यक्ष हुनु भएका आदरणीय अध्यक्ष सुवर्ण कुमार धितालला‌ई पनि हामीले गुमाउन पुग्यौ । साथै मिति २०८० असाढ ८ गतेका दिन २०७४ स्थानीय तहको निर्वाचनमा राप्रपाबाट वडा नं ४ निवार्चित वडा अध्यक्ष आदारणीय राम बहादुर तामाङ् थोकोरको पनि असामयिक निधन भयो । यी महत्त्वपूर्ण व्यक्तित्वहरुको निधन प्रति म लगायत समग्र पालिका अत्यन्तै मर्माहित भएका छौं । उहाँहरुको मृतात्माहरुप्रती यो सभामा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनहरुमा हार्दिक समवेदना व्यक्त गर्दछु ।

साथ साथै आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा तत्काल आउने विपद तथा महामारीजन्य रोग व्यवस्थापन साथै स्थानीय समस्या चुनौति र आवश्यकतालाई सम्बोधन र सम्भव भएसम्म समाधान गर्ने गरी प्रकोप व्यवस्थापन कोष जस्ता कोषहरु निर्माण गर्ने नीति तय गरिएको छ ।

**विकास निर्माणमा आम नागरिकको लगाव र यस क्षेत्रको पहिलो प्राथमिकतामा रहेको तर पूर्ण हुन नसकेको सडक संरचनालाई दिगो र गुणस्तरीय बनाउनुपर्ने आवश्यकतालाई मध्यनजर गरी पाँचपोखरी थाङ्पाल समृद्धिको आधार पर्यटन कृषि वन र जलाधार दीर्घकालीन सोचलाइ पूरा गर्न यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।**

**तर्शत समृद्धिको बाटोमा सबैले हातेमालो गर्दै यहाँको विकटता तथा असिमित आवश्यकतालाइ पूरा गर्दै भावी पुस्तालाई एउटा समुन्नत समृद्ध पाँचपोखरी थाङ्पाल गाउँपालिका हस्तान्तरण गर्ने महान सपनालाई साकार पार्न सबैको सकरात्मक सल्लाह सुझाव अनि सहयोगको सम्पूर्ण महानुभावहरुमा अपेक्षा गर्दछौ ।**

**विविध प्रकोप नियन्त्रण विपद व्यवस्थापन सँगै तत्काल राहत तथा रोजगारी सिर्जना गर्ने कृषि शिक्षा पर्यटन आदि क्षेत्रमा परेका जोखिमलाई न्यूनीकरण गरी विपदबाट प्रताडित समुदायमा उत्पन्न सामाजिक तथा मनोवैज्ञानिक असरलाइ सम्बोधन गर्ने गरी आ.व. २०८०/०८१ को बजेट विनियोजन गर्ने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।**

**माननीय सदस्यज्यूहरु**

**अव म आगामी आ.व. २०८०/०८१ को लागि बार्षिक नीति तथा कार्यकम प्रस्तुत गर्न अनुमती चाहन्छु ।**

## शिक्षा सम्बन्धि नीति :

- **"गुणस्तरीय शिक्षाको आधार : प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयमा सुधार"**को लागि शिक्षा क्षेत्रमा लगानी गरिनेछ ।
- **विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न समबद्ध विज्ञहरु रहेको समिति गठन गरी पालिका शिक्षा सुधार योजना** तर्जुमा गरिनेछ ।
- सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ, यस अर्न्तगत शौचालय निर्माण र स्तरोन्नती, निःशुल्क सेनेटरी प्याड र प्याड डिस्पोजेबल मेशिन, पिउने पानीको प्रबन्ध गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिकाको स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।
- **विद्यालयहरुबीच भगिनी स्थापित** गर्ने कार्यक्रम शुरुवात गरिनेछ ।
- विद्यालय शिक्षकहरुलाई आधुनिक सूचना प्रविधि सम्बन्धी क्षामता अभिबृद्धी गराईने छ ।
- विद्यालयमा सूचना तथा संचार प्रणालीको प्रयोग गरिने छ ।
- **एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता** दिईनेछ ।
- एकिकरण भई खाली भएका विद्यालयहरुको संरक्षणको लागि कार्ययोजना तयार गरी लागू गरिने छ ।

- ग्रामिण छात्रवृती कार्यक्रम मार्फत **टुहुरा विद्यार्थीसँग अध्यक्ष कार्यक्रम** संचालन विद्यालय शिक्षामा पहँच पुराईने छ ।
- विद्यालयमा जंगफुट निषेश गरिने छ ।
- शिक्षाको गुणस्तर वृद्धी गर्न प्रधानाध्यापकहरु सँग कार्य सम्पादन सम्झौता गरी सोही आधारमा विद्यालयको कार्य सम्पादन मापन गरी विद्यालयमा जाने अनुदानलाई निर्धारण गरिनेछ ।
- भुगोल, जनसंख्याको आधारमा तथा न्युन विद्यार्थी संख्या भएका विद्यालयहरुलाई गाभ्ने नितिलाई निरन्तरता दिइनेछ ।
- **वृक्षारोपण गर्ने र बगैंचाको व्यवस्था** गर्ने विद्यालयलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयमा पोशाक नलगाई जाने, विद्यालय पाठ योजना नवनाउने तथा मादक पदार्थ सेवन गरी विद्यालय जाने शिक्षकलाइ कारबाही हुने व्यवस्था गरिनेछ ।
- वि.व्य.स., अविभावक, शिक्षक, कर्मचारी र विद्यार्थीबीच नियमित अन्तरकृया र छलफल कार्यक्रम संचालनलाई निरन्तरता दिनेछ ।
- स्थानीय पाठ्यपुस्तक लागु गर्दै विशिष्ट व्यक्तिको योगदानलाई कदर गर्दै पुस्तकमा राखिने छ ।
- परीक्षा नतिजा र कार्यसम्पादनमा उत्कृष्ट सामुदायिक विद्यालयलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।
- सिर्जनात्मक नव प्रवर्तन गर्न विद्यार्थी र उच्च शिक्षा अध्ययन गर्ने तर आर्थीक अवस्था कमजोर भएका विद्यार्थीहरुलाइ प्रोत्साहन स्वरुप छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक विद्यालयहरुमा बालक्लव गठन गरी बालबालिका लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- पाँचपोखरी सिकाई मेलालाई शैक्षिक पर्यटन अभिवृद्धी गर्ने माध्यमको रुपमा विकास गरिनेछ ।
- सामुदायिक शिक्षालाई गुणस्तरी य प्रतिस्पर्धा र सहज पहुँचभित्र पुचाउन पर्यातता कक्षा कोठा, पुस्तकालय र प्रयोगशाला, विद्यार्थी अनुपातमा शिक्षकको व्यवस्था, आवश्यक जनशक्ति, तालिम, खेलकुद मैदान, विद्यालय यातायात सुविधा सुनिश्चत गरिनेछ ।
- कक्षा १ देखि कक्षा ८ सम्म स्थानीय पाठ्यपुस्तक मेरो पाँचपोखरी पढाई सञ्चालन गरिनेछ ।
- थाङ्गपाल भ्याली मा.वि लाई बृहत विद्यालयको रुपमा थप विस्तार गरी अन्तराष्ट्रिय तहमै प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था गरिनेछ ।

## स्वास्थ्य सेवा सम्बन्धि नीति :

- ❖ गाउँपालिका भित्रका सबै बर्थिङ सेन्टरहरुको स्तरोन्नती गर्नुका साथै सबै वडामा बर्थिङ सेन्टर भएको घोषणा गरिने छ ।
- ❖ स्वास्थ्य बिमा गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- ❖ नागरिक आरोग्यता प्रर्वद्धन गर्न उपयुक्त आहार, विहार, ध्यान, योग, प्राणयाम आदिबारे विद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ ।
- ❖ गाउँपालिकाभित्र एकीकृत एम्बुलेन्स सेवा संचालनको व्यवस्था मिलाईनेछ ।
- ❖ आयुर्वेद उपचार पद्धतिलाई प्रर्वद्धन गरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।
- ❖ अस्पतालको सेवा प्रवाह कार्यलाई चुस्त दुरुस्त बनाईने छ ।
- ❖ भौगोलिक कठिनाइ, जनसंख्या तथा विरामीको चापलाइ मध्येनजर गरी सामुदायिक स्वास्थ्य एकाई तथा गाउँघर क्लिनिक संचालन गरिनेछ ।
- ❖ महिला स्वास्थ्य स्वंयमसेविका क्षमता अभिवृद्धी गर्नको लागि पुर्नताजकी तालिम संचालन गरिनेछ ।
- ❖ महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई मासिक रु. १५ सय प्रोत्साहन भत्ता दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- ❖ महामारीजन्य रोग संक्रमणको अवस्थामा अग्रपंतिमा खटिएने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको लागि जोखिम भत्ता तथा विमाको व्यवस्था गरी रोग नियन्त्रणलाई प्रभावकारी बनाईने छ ।
- ❖ संस्थागत सुत्केरी गराउने आमाहरुलाई स्वास्थ्य  संस्थासँग एकतर्पी एम्बुलेन्सको निशुल्क सेवा उपलब्ध गराईने छ ।
- ❖ ७० वर्ष माथिका जेष्ठ नागरीक, क श्रेणीका अपाङग, विपन्न विधुवा महिला र विपन्न दिर्धरोगी विमारीहरुलाई सम्बन्धीत स्वास्थ्य संस्थाको सिफारिसमा एकतर्फी एम्बुलेन्स सेवा दिईने छ ।
- ❖ **सुत्केरी आमासँग पोषिलो खाना उपाध्यक्ष तथा वडा महिला जनप्रतिनिधि भेटघाट कार्य**क्रम संचालन गरिने छ ।
- ❖ पालिकाभित्र रहेका मुटु रोगी, मृगौला रोगी, क्यान्सर रोगी, मस्तष्किधात, हृदयघात जस्ता कडा रोग लागेमा उपचारका लागि रोगको प्रकृती हेरी कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहयोग दिईने छ
- ❖ प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिई बजेट विनियोजित गरिने छ ।
- ❖ मानेखर्कमा सञ्चालित धुलिखेल अस्पताललाई समन्वय र सहकार्य गरी थप व्यवस्थित गर्न पहल गरिनेछ ।
- ❖ स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ ।

- ❖ महामारीजन्य रोगको जोखिमलाई न्यूनिकरणको लागि तिपेनीमा रहेको पाँचपोखरी प्राथमिक अस्पतालमा सेवा विस्तार गरिनेछ । साथै ८ वटै वडामा रहेको स्वास्थ्य चौकीमा पूर्व तयारीको लागि आवश्यक सामग्री व्यवस्था गरिनेछ ।
- ❖ **जेष्ठ नागरिकहरुलाई घर घरमा गई निशुल्क स्वास्थ्य उपचार सेवा प्रदान** गर्ने व्यवस्था मिलाईनेछ ।

**कृषि विकास नीतिहरु :**

- ❖ गाउँपालिकाको कृषि/पशु प्रोफाइल तयार गरी विषय विज्ञ सरोकारवालाको सहभागीता र समन्वयमा कृषि विकास रणनिति तर्जुमा गरिनेछ ।
- ❖ **अर्गानिक कृषि खेतीको** लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।
- ❖ कृषकहरुले उत्पादन गरेका अन्न, उपज, तरकारी, फलफुल लगायतका सामाग्रीहरुको उचित बजार व्यवस्थापन गरिनेछ । यस गाउँपालिकालाई **तरकारीमा स्वनिर्भर गरी आयातमा रोक** लगाउने व्यवस्था यसै वर्षबाट सुरुवात गरिने छ ।
- ❖ निजी कम्पनी वा सहकारीसँग सहकार्य तथा समन्वय गरी गाउँपालिकाको अर्गानिक तथा लोकल वस्तुहरुको ब्राण्डिङ गरी बजार व्यवस्थापन गरिनेछ ।
- ❖ **विभिन्न** संघ संस्थासँगको साझेदारीमा निर्माण गरिने कृषि फर्महरुलाई व्यवस्थित गर्न साझेदारी गरिनेछ ।
- ❖ बाँझो जग्गा प्रयोगमा ल्याउन संघिय नीतिलाई कार्यन्वयनमा ल्याउदै कृषि समुह, कृषि सहकारी, उद्यमीहरुलाई कृषिमा आकर्षित गर्न स्थान,बाली विशेषका आधारमा कृषि औजारमा अनुदान प्रदान गरिने व्यवस्था मिलाइनेछ ।
- ❖ **"भरिलो भकारी - कृषिमा सहकारी"**अभियान सञ्चालन गर्दै कृषि सहकारी संस्थाहरुसँग साझेदारी गरी स्थानीय विउ उत्पादन र संरक्षण कार्यक्रमको शुरुवात गरिनेछ ।
- ❖ माटो परिक्षणको आधारमा सम्भाव्यता हेरी आवश्यक स्थानमा सुन्तला, कागती, जुनार,किवी, चिया, टिम्मुर, कफीको लागि लागत साझेदारीमा **"हाम्रो कृषि -हाम्रो गौरव"**भन्ने नाराका साथ कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।
- ❖ कृषि बालीमा रासायनिक र किटनाशक औषधिको प्रयोगलाई नियन्त्रण गर्दै जैविक किटनाशक प्रविधिको प्रयोग गर्न किसानहरुलाई प्रोत्साहन गर्दै लगिनेछ ।
- ❖ बहुमुल्य जडिबुटी धसिङ्ग्रे तथा अर्घेलोको संरक्षण तथा त्यसको निरन्तर उपलब्धताको सुनिश्चितताको लागि, वैकल्पिक व्यवस्था, तथा वृक्षारोपणलाई निरन्तरता दिईने छ ।
- ❖ उन्नत जातको विउ, आधुनिक प्रविधि कृषि तथा पशु सेवा सम्बन्धित प्राविधिक जनशक्ति उपलब्ध गराउने तथा बजारीकरणमा सहयोग गर्ने ।
- ❖ कृषि सहकारीहरुका माध्यमबाट व्यवसायिक कृषिको विकास गर्ने । सा-साना उद्योगहरु सञ्चालन गर्ने र अर्गानिक खेतीलाई प्रथमिकतामा राख्नेछ ।

## पर्यटन र संस्कृती नीति :

- गाँउपालिकाभित्रका २ वा सो भन्दा बढी विद्यालयमा पर्यटन क्लब निर्माण गरी उक्त क्लब मार्फत **“मेरो गाउँ, म चिनाउँछु, म भित्राउँछु हाम्रो गाउँमा पर्यटक, आफ्नै गाउँमा बसेर”** भन्ने अभियान संचालन गरिनेछ ।
- साहसिक पर्यटनका कार्यक्रम जस्तै प्याराग्लाइडिङ, रक क्लाम्विङ र हिमाली साइकिलिङ, कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटनको लागि गाउँपालिकाको प्रवेशद्धारमा निर्माण भएको सूचना केन्द्लाई प्रविधिमैत्री र आधुनिक बनाउदै लगिनेछ ।
- गाउँपालिकामा स्थानीयता झल्कने गरी निर्माण भएको सांस्कृतिक संग्रहालयलाई थप व्यवस्थित गरिनेछ ।
- यस क्षेत्रलाई **धार्मिक तथा आध्यात्मिक पर्यटन** स्थलको रुपमा विकास गर्ने निति लिइनेछ ।
- संघिय सरकार, प्रदेश सरकारको सहयोग र गाउँपालिकाको गौरवका योजनाहरुलाई पर्यटन केन्द्रको रुपमा रहेका पाँचपोखरी क्षेत्र, पेमाछल उधान केन्द्र, डुखाँङ क्षेत्र ड्रयागन झरना, ज्वोथान, आमायाङग्री लखाङ, च्योच्यो डाँडा, लेखर्कथामडाँडा जामराङ मन्दीर, नौलिङगेश्वरी, झर्ना, तोप्केस्योङ झरना, ठुलोढुङगा क्षेत्रमा पर्यटकीय पुर्वाधारको विकास गरिने छ ।
- गाउँपालिकाको पहिचान अर्न्तराष्ट्रिय जगतमा फैलाउन पर्यटन प्रवद्धन तथा प्रविधि हस्तारणका लागि आन्तरिक तथा **विदेशी शहरहरुसँग भगिनी सम्बन्ध** कायम गर्न पहल गरिने छ ।
- खाल्डेखोलामा रहेको सूचना केन्द्रमा प्रति बाह्य विदेशी पर्यटक रु. ३०० पर्यटन शुल्क लिने गरी श्रावणबाट लागु गरिनेछ साथै पर्यटकलाई चाहिने सूचना सूचना केन्द्र र गाउँपालिकाको संग्राहलयबात समेत उपलब्ध गराईने छ ।
- गाँउपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, बहाल, पोखरी, चैत्य, स्तुपा आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाईनेछ । ऐतिहासिक परिचय खुल्ने गरी सबै भाषाका ऐतिहासिक महत्व बोकेका स्थानहरुलाई नामाकरण गरी संकेत चिन्ह राखिनेछ ।
- गाँउपालिकाभित्र मनाईने जात्रा, पर्व, मेला, पूजा, परामपरागत जीवनशैली एवम् अन्य धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको मुख्य परिचयात्मक विवरण समेटी **गाँउपालिकाको सांस्कृतिक प्रोफाईल तयार** गरी प्रकाशित गरिनेछ
- यस गाउँपालिकामा रहेका पर्यटकीय स्थानहरुमा साईनेज बोर्ड राख्ने कार्यलाई निरन्तरता दिईने छ ।
- पर्यटन सम्मेलन गरी गाउँपालिकाको पर्यटन प्रर्वद्धन गर्नमा थप जोड दिईनेछ ।
- गाउँपालिकाको महत्वपूर्ण स्थानमा स्मार्ट पार्क निर्माण गर्न आवश्यक पहल गरिने छ ॥

- ठूल ढुङ्गामा बुद्धको मूर्ति निर्माण कार्यलाई पूर्णता दिईनेछ, साथै म मेरो बुद्ध आफै निर्माण गर्ने अभियान स्वरुप कोष स्थापना गरी अघि बढिनेछ ।
- एक वडा एक हेली प्याड कार्यक्रम संचालन गरिनेछ ।
- पर्यटन प्रर्वद्धनलाई जोड दिन अन्तर पालिका भ्रमण, अन्तर पालिका बैठक कार्यक्रम संचालन गरी गाउँपालिकालाई नमूना पर्यटकीय गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- **पाहुना हाम्रो साथी भन्ने मूल नारालाई** सार्थकता दिन पालिकामा एउटा व्यवस्थित अतिथि सेवा गृह निर्माण गर्ने कार्य प्रारम्भ गरिनेछ ।
- पर्यटन प्रवद्धनको लागि होटेल, रेष्टुरेन्ट, होमस्टे खोल्न प्रोत्साहन गर्ने, पदयात्रा मार्ग, पर्यटक गाईड, पर्यटन सूचना केन्द्रको विकासका लागि सम्बन्धीत संस्था र नीजि क्षेत्रसँग सहकार्य गरिने छ ।
- केवलकार, प्याराग्लाडिङ, बन्जिजम्प, जिपलाईन, साइकिलिङ र रक क्लाईमिङ लगाएत पुर्वाधार तथा सेवा सुविधाको विकासका लागि निजी क्षेसँग सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।
- अन्तरपालिका पर्यटन प्रवद्धनलाई थप व्यवस्थित गरिने छ ।
- विभिन्न **जातजातीका संकार, उत्सवहरुमा भड्कीलो खर्चलाई कम गर्नेलाई प्रोत्साहनका साथ पुरस्कारको** व्यवस्था गरिने छ ।

**विपद् व्यवस्थापन नीति :**

- बाढी तथा पहिरोको उच्च जोखिममा रहेका समुदायहरुको भौगर्भिक अध्यनका लागि प्रदेश, संघीय सरकार र अन्य संघसंस्थाहरुसँग समन्वय गरिनेछ ।
- वडा कार्यालयमा रहेका सम्पुर्ण सामुदायिक भवनहरु विपद्मा नागरिक वासको रुपमा प्रयोग हुने व्यवस्था मिलाईने छ ।
- विपद् व्यवस्थापनका लागि जनस्तर तथा विद्यालयहरुमा विपद् सचेतना, उद्धारको अभ्यासको कार्यलाई निरन्तरता दिईनेछ । आगोबाट हुने जोखिम न्यूनीकरण गर्न विशेष सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका आपत्कालिन संचालन केन्द्र (Municipal Emergency Operation Center) को स्थापना गरी प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- पाँचपोखरी थाङपाल गाउँपालिकाको विपद् जोखिम नक्सांकन (Hazard Mapping) लाई थप व्यवस्थित गरिनेछ ।
- याङ्ग्री लार्के, ईन्द्रावती खोलामा विपद् साईरन जडान गरिनेछ ।
- स्थानीय तहमा विपद् जोखिमको अवस्थाको लेखाजोखा, नक्शांकन विश्लेषण गरी विकास निर्माण कार्यमा जोखिम न्युनीकरणका काम, तटबन्ध, पहिरो नियन्त्रण, जोखिमयुक्त वस्ती स्थानान्तरण गर्ने र भवन संहिताको पालना गर्ने गराइने छ ।

- ❖ पूर्वतयारी सम्बन्धी काम, पूर्व सूचना प्रणालीको , स्थापता, नमूना अभ्यास सचालन प्रतिकार्य समिति पुर्नगठन तथा क्षमता विकास, तालिम प्रशिक्षण र उद्दार तथा राहत सामग्रीको भण्डारणको व्यवस्था मिलाईनेछ ।
- ❖ अति संवेदनशील (बर्ग ३) क्षेत्रमा परेको समुदायलाई विभिन्न सरोकारवाला निकायहरुको, सहयोग लिएर वस्ती स्थानान्तरणको प्रकृया अघि बढाईने छ । वस्ती व्यवस्थापनका लागि स्थानीय सरकारले व्यहोर्नु पर्ने लागत रकम विनियोजन गरिनेछ ।
- ❖ मनसुनजन्य विपद् पुर्वतयारीका लागि जल तथा मौसम विज्ञात विभागसँगको समन्वयमा स्वचालित, जल मापन र खोलामा पानिको सतह मापन, गरिनेछ । यसकासाथै स्थानीय -भूपरिवेष अनुसारको विपद् पूर्व सुचना प्रणाली जडानका लागि सम्बन्धित मन्त्रालय र निकायहरुसँग समन्वय गरिनेछ ।
- ❖ विपद् पोर्टल र भिज् रिक्सलाई पुर्णता दिई विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनको कार्यलाई चुस्त दुरुस्त राख्न सुचना संकलत र अद्यावधीकलाई प्राथमिकताको साथ अघि बढाइने छ । र यसको लागि आवाश्यक वजेट विनियोजन गरिनेछ ।
- ❖ संकटासन्त अवस्थामा रहेका वस्ती तथा समुदाय तहमा खोज तथा उद्दार को सामग्री व्यवस्थापन, खुला तथा सुरक्षीत स्थानको पहिचान र पहुँचको सुनिश्चितता सहित अत्यावश्यक बस्तुहरुको भण्डारण गरिनेछ
- ❖ भौगर्भिक अध्ययन-प्रतिवेदनले सुझाएका जोखिमयुक्त क्षेत्रमा स्थायी संरचना, बाटो निर्माण, लगायत अन्य विकास निर्माणको कार्य सञ्चालन गर्नको लागि निरुत्साहित गरिने छ ।
- ❖ जोखिम न्यूनीकरणको लागि पुर्वाधार विकास निर्माण कार्यमा ध्यान पुराइनेछ । जस्तै, कच्ची सडक भएको स्थानमा अम्रिसो, बाँस, सिट्ठो र भूलेत्रो रोपण गर्ने, आगलागिको जोखिममा रहेका समुदायमा पानी सञ्चय गर्न पोखरी निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाढी बढाइने छ ।
- ❖ स्थानीय तहको जलवायु उत्थानशील योजना कार्यन्वयनमा ल्याईने छ ।
- ❖ भुगर्भ अध्ययन प्रतिवेदन र स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनामा समावेश भएका (क्याटागोरी २ मा परेका) जोखिमयुक्त बस्तीहरूको पहिचान गरि अल्पिकरण योजना सञ्चालन गरिनेछ
- ❖ विपद् सम्वन्धि कार्यका लागि प्रत्येक वडामा विपद् व्यवस्थापन केन्द्रको स्थापना गरी राहत र उद्धार सामाग्रीको खरिद गरी व्यवस्थापन गरिनेछ ।

**पूर्वाधार विकास (खानेपानी, सिंचाई, भवन र सडक) नीति :**

- ❖ बाँकी रहेका सामुदायिक भवन, वडा कार्यालय भवनको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- ❖ भौतिक निर्माणका सबै योजनाहरुमा २० प्रतिशत अनिवार्य नगद/श्रममा आधारीत लागत साझेदारी गरिने छ
- ❖ आवश्यक स्थानहरुमा लामो दुरीका झोलुङ्गे पुल निर्माण कार्यलाई अगाडी बढाइने छ ।

- ❖ भवन निर्माण गर्दा नक्सापास गर्नुपर्ने प्रावधानलाई कडाईका साथ लागू गरिने छ ।
- ❖ यस गाउँपालिकामा उपलब्ध विद्युतको क्षमता विस्तार गर्न तथा विद्युत नपुगेको स्थानमा विद्युतिकरण गर्न साझेदारीमा ट्रान्सफर्मर लगायत अन्य पूर्वाधार क्षमताको विकास गरिनेछ । साथै पर्यटकीय क्षेत्र पाँचपोखरीसम्म विधुत लाईन विस्तार गरिनेछ ।
- ❖ गाउँपालिका भित्रका **विजुलीका नाङ्गो तार विस्थापन गरी केवल तार राख्ने** कार्यलाई निरन्तरता दिईने छ ।
- ❖ निर्माण भइरहेका झोलुङ्गे पुलको निरन्तर मर्मत र संभार गरिने छ र आवश्यकता अनुसार अन्य झो.पु. निर्माण कार्य अगाडी बढाईने छ ।
- ❖ बाँकी रहेको (ठुल्दुङगा महादेव खोला भोटेनाम्लाङ , इन्द्रावती घुम्लेपाखो, चिलाउने महाँकाल, छिम्ती देउराली, गयुङगर खोला, पतेरी खोला,) मोटरेवल पुल निर्माण कार्यलाई अगाडी बढाईने छ ।
- ❖ मुख्य सडकको गुणस्तर सुधार र स्तरोन्नतीको लागि **सडक मर्मत संभार आकस्मिक कोष** स्थापना गरी संचालनमा ल्याइनेछ ।
- ❖ सिंचाईहरुको दिगोपनका लागि **RCC** सहित पक्की बनाउनका लागि आवश्यक पहल गर्दै **सिंचाईका बृहत योजना संचालनका लागि सम्भाव्यता अध्ययन** गरीनेछ ।
- ❖ खानेपानीका लागि बृहत योजना संचालनका लागि सम्भाव्यता अध्ययन गरीनेछ ।
- ❖ सार्वजनिक स्थल, सडकहरुमा जथाभावि निर्माण सामग्री राख्ने र पानी छाडने कार्यलाई निरुत्साहित गरी त्यस्तो कार्य गर्नेलाई दण्ड सजायको व्यवस्था गरिनेछ ।
- ❖ **एक घर एक धारा र एक मिटर अभियान** सम्पन्न गर्ने गरि अगाडि बढाइनेछ ।
- ❖ ठेक्का प्रक्रियाबाट संचालन भएका योजनाहरुको समयमै कार्यसम्पन्न गर्ने व्यवस्था मिलाईने छ । समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानुन बमोजिम कारवाही गरिने छ ।
- ❖ प्रत्येक वडाका टोलहरुमा टोल सुधार समितिहरु गठन गरी टोल सुधार समिति र उपभोक्ता समिति मार्फत विकास निर्माणका कार्य गर्ने व्यवस्था गरिने छ ।
- ❖ भौतिक निर्माणसँग सम्बन्धीत आयोजनाहरुको निर्माणको गुणस्तरीयता कायम गर्न ल्यापटेष्ट गर्ने व्यवस्था मिलाईने छ ।
- ❖ सार्बजनिक स्थल(गुम्बा, मठ मन्दीर, सामुदायिक भवन खानेपानी र सिंचाई, सडक जस्ता आम सरोकार रहेका) मा टोल विकास समिति अगुवाईमा आम नागरिक, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधीहरुले १ वर्षमा २ दिन अनिवार्य श्रम सहयोग गर्ने नीति लिईने छ ।

## पशु विकास नीति :

- ❖ पशुपालनलाई व्यवस्थित गर्न पशुजन्य व्यवसायको अभिलेखिकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।
- ❖ मासुजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्ने व्यवसायको मापदण्ड तयार गरी लागू गरिनेछ ।
- ❖ घरपालुवा तथा सडकहरुमा छाडा छोडिएका सबै कुकुरहरुको बन्ध्याकरण शिविर संचालन गरिने छ ।
- ❖ पशुपंक्षी विमा कार्यक्रम निरन्तरता गरिनेछ ।
- ❖ "**पशुपालनको आहार र स्याहार - आयआर्जनको आधार**"का लागि पशुपंक्षी व्यवसाय प्रवर्द्धन कोष स्थापना पशुपालन लागत खर्च कम गर्न उन्नत जातका भुइ घाँस/डाले घाँस प्रर्वद्धन गर्न चक्रिय पुँजि परिचालन कार्यक्रमको प्रभावकारीता बढाइनेछ । बँदेल, बाँदर नियन्त्रण कार्यक्रमलाई अध्ययन गरी अगाडी बढाईने छ । साथै नियन्त्रणका लागि अन्य बैकल्पिक खेतिको समेत अध्ययन गरिनेछ ।
- ❖ पशुजन्य रोग र महामारी नियन्त्रणको लागि आवश्यक औषधि व्यवस्थापन गर्नुका साथै पशु ल्याव सँग सम्बन्धित औजार सामाग्रीको व्यवस्था गरिनेछ ।
- ❖ डेरीबाट दुध संकलन गर्ने किसानलाई प्रति लिटर रु. २ का दरले प्रोत्साहन गरिने छ ।
- ❖ व्यसायिक बाखा, गाई, भैसी फर्म व्यवस्थित गर्नुका साथै भेडा, चौरी, पालनको लागि समेत प्रोत्साहित गरिनेछ ।

## लक्षित वर्ग र सामाजिक समावेशिकरण नीति :

- ❖ सामाजिक कुरीति, कुप्रथा, लैंगिक हिंसा, मानव वेचविखन विरुद्ध चेतना मुलक अभियान संचालन गरिनेछ ।
- ❖ गाउँपालिकाबाट गैरसरकारी संस्था मार्फत गरिने विभिन्न क्षेत्रगत सामाजिक कार्यहरुलाई थप व्यवस्थित, संस्थागत र उपलब्धीमूलक बनाउन आवश्यक देखिएको हुँदा त्यस्ता कार्यक्रमहरु उपाध्यक्ष सामाजिक कार्यक्रम अर्न्तगत प्रतिस्पर्धाको माध्यमबाट संचालन गर्न आवश्यक कानूनी प्रबन्ध मिलाईनेछ ।
- ❖ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तिय तथा कानूनी साक्षरता सशक्तिकरणका कार्यक्रमहरु वडा तहबाट समेत संचालन गरिनेछ ।
- ❖ बाबु आमा बिहिन बालबालिकाको संरक्षणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ❖ बालमैत्री स्थानीय तह घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

- ❖ अपाङ्ता भएका व्यक्ति तथा अभिभावकहरुका लागि सीप विकास तथा अपाङ्ता भएका अभिभावकहरुका लागि स्याहार सीपको तालिम कार्यक्रम संचालन गरिनेछ । अपाङ्ता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामग्री निःशुल्क वितरण गरिनेछ ।
- ❖ उल्लेख्य तथा उदाहरणीय **भूमिका निर्वाह गर्ने महिला जनप्रतिनिधिलाई सम्मान** गरिनेछ ।
- ❖ हिंसामा परेका महिला, बालबालिकाहरुको संरक्षण गर्न साझेदारी संस्थासँग समन्वय गरी संरक्षण गरिने छ ।
- ❖ घुम्ती शिविर/घर दैलो अभियान मार्फत जेष्ठ नागरिक र अपांग परिचयपत्र वितरण गर्ने कार्यलाई थप प्रभावकारी वनाइनेछ ।
- ❖ **बालश्रम तथा वालविबाह मुक्त गाउँपालिका घोषणा गर्न विशेष अभियान** सञ्चालन गर्न विभिन्न कार्यक्रम संचालन गरिने छ ।
- ❖ "**जेष्ठ नागरिकको अनुभव- युवा पुस्ताका लागि वैभव"**अभियानका साथ जेष्ठ नागरिकको अनुभव आदान प्रदान सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- ❖ आदिवासी जनजातीको परम्परागत सीप कलाको संरक्षण र संवर्द्धन गर्दै लगिनेछ ।
- ❖ क वर्गको अपांगता भएकालाई सिफारिस निशुल्क गराइने छ भने अन्य अपांगता भएका व्यक्तिलाई अपाङगता सम्बन्धी सिफारिस र व्यवसाय  गर्न चाहेमा कर शुल्क समेत छुट हुने व्यवस्था मिलाइनेछ
- ❖ बैंकिङ प्रणाली मार्फत वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई वडातहमा पुऱ्याईने कार्यलाई निरन्तरता दिदैं थप व्यस्थित बनाईनेछ ।
- ❖ व्यक्तीगत घटना दर्ता प्रणाली अनलाईन प्रविधिबाट हुँदै आएकामा अझ प्रभावकारी बनाईने छ ।
- ❖ सामाजिक सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।

**<u>सुशासन र संचार तथा संस्थागत सुदृढीकरण नीति :</u>**

- ❖ आर्थिक सुशाासन कार्यविधिलाई प्रभावकारी बनाईने छ ।
- ❖ गाउँपालिकाका सबै कार्यालयहरुमा सिसिटिभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ ।
- ❖ हरेक महिनाको पहिलो आईतबार **"जनतासँग गाउँपालिका अध्यक्ष"** कार्यक्रम मार्फत प्रत्यक्ष संवाद कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- ❖ **गाउँपालिका दिवशका अवसरमा उत्कृष्ट कार्य गर्ने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पदक, सम्मान र पुरस्कारद्धारा सम्मान** गर्ने कार्यलाई सुरुवात गरिनेछ ।

- गाउँपालिकाबाट गरिने सार्वजनिक खरीद प्रक्रिया प्रतिस्पर्धाको माध्यमबाट सम्पादन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाबाट प्रवाह गरिने सेवामा सर्वसाधारणको पहुँच वृद्धि गर्न कार्यालय परिसर र विभिन्न सार्वजनिक स्थलहरुमा फ्रि वाईफाईको व्यवस्था मिलाईनेछ ।
- प्रशासन संयन्त्रलाई पार्दर्शी, जवाफदेही र जनमुखी बनाईने छ ।
- लेखा प्रणालीलाई प्रभावकारी बनाउन चौमासिक रुपमा आन्तरिक लेखापरिक्षण गराई सो सुझाबको कार्यन्वयन गरिने छ ।
- सेवाग्राहीलाई अतिथी देवो भःवको रुपमा लिई सेवालाई चुस्त, दुरुस्त र छिटो छरितो गरिने छ ।
- गाउँपालिकाबाट हुने सबै खाले नगद भुक्तानीलाई निरुत्साहित गर्दै बैंकिङ खाता मार्फत गरिने छ ।
- वडामा संचालन रहेको अनलाइन प्रणालीमा आधारित व्यक्तिगत घटना दर्ता प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सबै घरहरुलाई नम्बरिङ गर्ने कार्यलाई थप प्रभावकारी बनाउदै अरु ३ वटा वडामा घर नम्बरीङ गर्ने व्यवस्था मिलाईने छ ।
- पत्रकारमैत्री गाउँपालिका बनाउन विद्यालयमा विद्यार्थीहरुलाई पत्रकारिता तालिमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाका गतिविधी, सुचना र क्रियाकलापलाई वेभसाइट र मोवाइल एप्स मार्फत निरन्तर सार्वजनिक हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिका कार्यालय,वडा कार्यालय,स्वास्थ्य चौकी र विद्यालयहरुमा नागरिक वडापत्र, गुनासो पेटीका र हटलाइन उजुरी प्रणालीको व्यवस्था गरिनेछ ।
- प्रत्येक महिना नियमित रुपमा कर्मचारी बैठक हुने व्यवस्था मिलाइनेछ साथै जनप्रतिनिधि र कर्मचारी बीच त्रैमासिक रुपमा अन्तरकृया हुने व्यवस्था गरिनेछ ।
- सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तर रुपमा संचालन गरिनेछ ।
- प्रत्येक चौमासिकमा गाउँपालिकाबाट भए गरेका कार्यको समीक्षा गरी गाउँपालिकाको आम्दानी खर्चलाइ वेवसाइट मार्फत सार्वजनिकिकरण हुने व्यवस्था मिलाइनेछ ।
- योजना तथा कार्यक्रमहरुको नियमित तथा नतिजामा आधारित अनुगमन गरी अनुगमन प्रतिवेदनलाइ नियमित रुपमा सार्वजनिक हुने व्यवस्था मिलाइनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकासलाइ तालीम प्रशिक्षण र अनुभव आदान प्रदानका कार्यक्रम संचालन गरिनेछ ।
- गैरसरकारी संस्थाहरुले गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्दा अनुमति लिनुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- उपभोक्ता हक हितको संरक्षण गर्नको लागि उपभोक्ता सचेतना कार्यकम सञ्चालन गरिनेछ । वडामै गएर बैंक खाता योजनाको सम्झौता गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- रु. ४० लाख भन्दा माथीका सम्पुर्ण योजनाहरु ठेक्का प्रक्रियाबाट संचालन गर्ने व्यवस्था मिलाईने छ ।
- बजार अनुगमन कार्य थप प्रभावकारी बनाउनदै लगिने छ ।
- योजना तथा कार्यक्रम अनुगमन पश्चात सम्बन्धीत कर्मचारीबाट सो को संक्षिप्त प्रतिवेदन, पेश भए पछी मात्र भुक्तानी दिने व्यवस्था मिलाईने छ ।
- गाउँपालिकालाई खुशी गाउँपालिकाको रुपमा विकास गर्न आवश्ययक कार्यविधि बनाई प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

## युवा तथा खेलकुद विकास नीति :

- गाउँपालिकास्तरमा **नमूना युवा संसद** कार्यक्रम सञ्चालन ल्याइनेछ ।
- गाउँपालिका स्तरमा एक कर्बडहल निर्माणको लागि संघ र प्रदेश सरकारसँग माग गरिने छ ।
- एक वडा एक खेलकुद मैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका स्तरमा विभिन्न खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।
- राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- राष्ट्रिय, अर्न्तराष्ट्रिय ,प्रदेश स्तरीय खेलकुद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गरी आधिकारीक रुपमा जाने खेलाडीलाई प्रोत्साहन गरिने व्यवस्था मिलाइनेछ ।
- विद्यालय स्तर तथा स्थानीय क्लबहरुमा खेलकुद प्रतियोगिता र तालिम संचालन हुने व्यवस्था मिलाइनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक विजेता खेलाडीहरुलाई सम्मान गर्ने संस्कारको विकास गरिनेछ ।
- पालिकास्तरीय खेल संचालनका लागि क्लव निर्माण गरी त्यसै मार्फत संचालन गरिनेछ ।

## वन, वातावरण व्यवस्थापन नीति :

- वातावरण संरक्षण र प्रर्वद्धनका गरी सफा गाउँपालिका बनाउनका लागि वैज्ञानिक उपायहरु अवलम्बन गर्नुका प्लाष्टिक झोलाको प्रयोगलाई निषेध गरी **प्लाष्टिक निषेधित गाउँपालिका घोषणा** गरिनेछ ।
- वातावरण संरक्षण र प्रर्वद्धनका लागि क्वाटरजन्य मदिरालाई निरुत्साहित गरिनेछ साथै लेएस, कुरमुरे जस्ता जंगफुटलाई निषेद गरिनेछ ।

❖ सार्वजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय तथा सामुदायिक भवन परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

❖ गाउँपालिकाभित्र क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरुको लगत राखिनेछ । सार्वजनिक जग्गाहरुको अतिक्रमण हटाई पार्क निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

❖ फोहोर व्यवस्थापनलाई थप प्रभावकारी र सुरक्षित बनाउन उपयुक्त ठाँउको छनौट गरी ल्याण्डफिड साईट निर्माण गरिनेछ साथै आर्सो नेपाल लगाएत अन्य संघ संस्थासँग साझेदारी गर्ने व्यवस्था मिलाईने छ ।

❖ पर्यटकीय स्थलहरु, खोलानाला तथा सार्वजनिक स्थलहरुमा सरसफाई अभियान संचालन गरिनेछ ।

❖ MRF संचालनलाई बजेट व्यवस्थापन गरी निरन्तरता प्रदान गरिनेछ ।

❖ यस गाउँपालिकालाई यसै आर्थिक वर्षमा सफा गाउँपालिका घोषणा गरिनेछ ।

❖ सल्लो जातीको वनलाई विस्तारै प्रतिस्थापन गर्न वन कार्यालय, वन उपभोक्ता समुहहरुसँग सहकार्य गरिनेछ । साथै झाडी सफाई कार्यक्रम समेत गरिनेछ ।

❖ गाउँपालिका केन्द्र र वडा कार्यालय केन्द्रलाई वातावरण मैत्री बनाउन जनप्रतिनिधि र कर्मचारीले एक एक वटा विरुवा आफ्नो जन्म दिनको अवसरमा अनिवार्य रोप्ने कार्यलाई निरन्तरता दिईनेछ ।

❖ सामुदायिक वन उपभोक्ता समितिलाई गाउँपालिकामा अभिलेखिकरण र नविकरण गरिने छ ।

❖ जल उत्पन्न प्रकोपबाट हुने क्षति कम गर्न पूर्व सूचना प्रणालीलाई जोड दिईने छ ।

❖ विना अनुमती सार्वजनिक स्थलहरुका सडक छेउछाउमा जथाभावी ढुङगा, गिट्टी बालुवा निकाली जोखिम निम्त्याउने जोकोही व्यक्ति, कम्पनीहरुलाई कारवाहीको दायरामा ल्याइनेछ ।

❖ वन डढेलो लगाउने जोकोहीलाई वन ऐन अर्न्तगत भएको कारवाहीको प्रकृया अनुसार कारवाही गर्न सम्बन्धीत निकायमा लेखी पठाईने छ ।

❖ विभिन्न खालका वनहरुलाई आन्तरिक आम्दानीका स्रोत बनाईने छ ।

**आधुनिक उर्जा : उज्यालो पालिका नीति :**

❖ प्रत्येक नागरिकहरुको घर-घरमा विद्युत सुविधा उपलब्ध गराउने तथा काठको पोल पूर्णरुपमा विस्थापित गरिनेछ ।

❖ ३ PPP मोडल अनुसार १ मेघावाट जलविद्युत आयोजनाहरु निर्माण गर्न सहज वातावरण निजी क्षेत्रलाई उपलब्ध गाराउनेछु ।

- ❖ वायोग्यास, सौर्य उर्जा, वायुउर्जा,लघु जलविद्युत लगायत बैकल्पिक उर्जाका प्रगोगबाट सबै परिवारमा आधुनिक उर्जा पुर्‍याउने ।
- ❖ धुवाँ रहित र विद्युतिय चुल्होको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- ❖ क्रमैसँग सबै वडाहरुमा नाङगो तार हटाई कालोतार विस्तार गर्ने कार्यलाई अगाडी बढाइने छ ।

## मनोसामाजकि तथा मानसिक स्वास्थ्य नीति

- ❖ आत्म हत्याको रोगथाम, गर्भावस्था र सुत्केरी अवस्थाको मानसिक स्वास्थ्य प्रभावकारी अभिभावकत्व लगाएतका विषयमा जनचेतना अभिबृद्धी गरिने छ ।
- ❖ वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सलस्यहरुमा देखा पर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कार्यक्रम संचालन गरिने छ ।
- ❖ आत्म हत्या सम्बन्धी तथ्याङक व्यवस्थित गर्नको लागि गाउँपालिकाको स्वास्थ्य शाखा र प्रहरी **प्रशासनसँग सहकार्यमा आत्महत्याको तथयाङक** प्रणालीको विकास गरिनेछ ।
- ❖ मानसिक स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धानको प्रवर्धन गर्न नीजि, गैरसरकारी र प्राज्ञिक क्षेत्रहरुसँगको सहकार्यलाई प्रोत्साहन गरिने छ । यसबाट आएको नतीजालाई स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रयस्तरमा सार्वजनिकरण गर्दै नीति तथा कार्यक्रममा परिमार्जन गर्दै लगिने छ ।
- ❖ मानसिक रोग सम्बन्धी अन्धविश्वास हटाउन, मानसिक स्वास्थ्यको प्रवर्धन र रोकथामका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरी महिला सहकारी, आमा समुह, समुदायमा आधारित संस्थाहरु, स्थानीयस्तरका राजनैतिक दलहरुको समन्वयमा जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- ❖ मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धिको लागि सुचना तथा संचार सम्बन्धी सरोकारवाल निकायहरुसँग समन्वय गरी मानसिक स्वास्थ्यको प्रवर्द्धनात्मक कार्यक्रम ल्याइने छ । मानसिक स्वास्थ्यको क्षेत्रमा सामाग्रीहरु तयार गरी प्रसारण गर्नको लागि सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धि गरिनेछ । मानसिक स्वास्थ्यमा जनचेतना बढाउन संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरी विभिन्न दिवसहरु -विश्व मानसिक स्वास्थ्य दिवस, विश्व आत्महत्या रोकथाम दिवस, बिर्सने रोग रोकथाम दिवस) समुदायतहमा कार्यक्रम गरी मनाइने व्यवस्था गरिनेछ ।
- ❖ यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि पाँचपोखरी थाङपाल गाउँपालिकाको स्वास्थ्य शाखालाई आवश्यक स्रोत तथा अधिकार जिम्मेवारी दिइने छ ।
- ❖ स्वास्थ्य संस्थाहरुमा मानसिक एवं मनोसामाजिक समस्या भएका व्यक्तिलाई गुणस्तरीय सेवा सुनिश्चत गर्न स्वास्थ्य शाखा प्रमुख, मानसिक/मनोसामाजिक कार्यक्रम सम्पर्क

व्यक्ति र **यस क्षेत्रमा कार्य गरिरहेका स्थानीय गै.स.स. मध्येबाट एक र सेवाग्राहीमध्येबाट एक जना प्रतिनिधि रहने अनुगमन संयन्त्र** निर्माण गरिनेछ ।

- यस मानसिक स्वास्थ्य नीतिका आधारमा गाउँपालिकाले कार्ययोजना तय गरी तुरुन्त कार्यान्वयनमा ल्याइनेछ ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवाको गुणस्तर, मानसिक स्वास्थ्योपचारको ढाँचा, सेवाको पक्रिया र प्रभाव, उपलब्धी, र परिणामको आधारमा अनुगमन र मूल्याङ्कन गर्न पाँचपोखरी थाङपाल गाउँपालिकामा एउटा प्रभावकारी अनुगमन तथा मूल्याकंनको संयन्त्र बनाइनेछ । मानसिक स्वास्थ्य रणनितीको कार्ययोजना तथा सूचकलाई आधार मानेर अनुगमन तथा मूल्यांकन गरिने छ ।

## राजश्व संकलन र परिचालन नीति :

- गाऊँपालिकाको राजश्व सुधार कार्ययोजनालाई कार्यन्वयनमा ल्याईनेछ ।
- मुख्य राजश्वका स्रोतहरुः सम्पत्ति कर, घरनक्सा पास तथा अभिलेख दस्तुर, व्यवसाय कर, बहाल विटौरी शुल्क, सम्पत्ति मूल्यांकन शुल्क, निवेदन दस्तुरको निर्धारण गरि सफ्टवेयर प्रणालीलाई थप व्यवस्थीत बनाइनेछ ।
- आम जनतालाई कर तथा राजश्वको महत्वका वारेमा जनचेतना विस्तार गरी एकीकृत कर प्रणालीमा ल्याउन जोड दिइनेछ ।
- मापदण्ड बनाई सोही मापदण्डको आधारमा धेरै राजश्व उठाउने वडालाई प्रोत्साहन गर्ने ब्यवस्था मिलाईने छ ।
- गाउँपालिका क्षेत्रमा रहेका करदाताहरुको विद्युतीय लगतका लागि गाउँपालिकाको छुट्टै App बनाई संघ संस्थाहरुसँगको सहकार्यमा करदाताहरुको एकिकृत विवरण संकलन गर्ने व्यवस्था मिलाईनेछ ।
- करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजश्व प्रणालीलाई करदाता मैत्री बनाईनेछ ।
- आर्थिक ऐन अनुसार उपलब्ध गराउँदै आएको कर छुटलाई पुनरावलोकन गरिनेछ ।
- करदाताको सहजताको लागि आवश्यक कार्यविधि निर्माण गरी अग्रिम कर तिर्न सकिने प्रबन्ध मिलाईनेछ ।
- गाउँपालिकाले कर संकलनको लागि व्यवस्था गरेको अनलाईन प्रणालीलाई थप व्यवस्थित गरी करहरुलाई करदाताको पहुँचमा वृद्धि गर्न आवश्यक प्रबन्ध मिलाईनेछ ।
- गाउँपालिकाको संस्कृति, सम्पदा, पर्यटन र सभ्यताको प्रर्वद्धन गर्ने विषयका स्वदेशी तथा विदेशी चलचित्र/नाटकका लागि निश्चित मापदण्डका आधारमा अनुदान प्रदान गरिनेछ ।

- वडा तहमा करदातालाई कर बुझाउन कुनै असहजता भएमा प्रत्यक्ष सम्पर्क गरी गुनासो सुन्ने, सूचना उपलब्ध गराउने, कर बुझाउन सहजीकरण गर्ने आदि कार्यका लागि बिदाको दिनमा समेत कार्यालय खुल्ने गरी करदाता सहायता कक्ष संचालन गरिनेछ ।
- गाउँसभाबाट स्वीकृत गरेका राजस्वका दररेटहरु र आयोजनाहरुको विवरण पुस्तक प्रकाशन, रेडियो, पत्रपत्रिका मार्फत सार्वजनिक गरिने नीति लिइनेछ ।

**कानून तथा मानव अधिकार सम्बन्धी नीति :**

- न्यायिक इजलासलाई थप व्यवस्थीत बनाईने छ ।
- सबै वडा कार्यालयहरुमा स्थापना भई संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नती गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी झिकाउने, प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रक्रिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ ।
- न्याय व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयर निर्माणलाई थप प्रभावकारी बनाईने छ ।
- मानव अधिकार, स्थानीय कार्य योजनाको कार्यान्वयन प्रभावकारी रुपमा गर्ने संस्थागत व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाद्धारा जारी गरिएका स्थानीय कानूनहरुको आवश्यकता अनुसार संशोधन, परिमार्जन तथा एकीकरण गरिनेछ ।
- संविधान, कानून, गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न आवश्यक पर्ने ऐन, कानून, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिनेछ ।
- वडा स्तरमा छिटो छरितो रुपमा विवाद मेलमिलाप मार्फत सहजिकरण गर्न मेलमिलापकर्ताको क्षमता अभिवृद्धी कार्यक्रम संचालन गरी कामको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।
- कानूनी सचेतना तथा कानुनी साक्षरता अनुशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- न्यायिक समितिलाइ व्यवस्थित रुपमा संचालन गरी न्यायिक सम्पादन कार्यलाइ सहज र छिटो छरितो वनाइनेछ ।

**भुमि व्यस्थापन नीति :**

- भूउपयोग ऐन, २०७६ अनुसार गाउँपालिकाको भूउपयोग योजना सहभागीमुलक तवरले तर्जुमा गरी कार्यन्वयन गरिने छ ।
- एकीकृत वस्ती र निजीघरहरू निर्माण स्वीकृती दिदाँ तोकिएको मापदण्ड र भूउपयोग ऐन बमोजिम बर्गिकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था गरिनेछ ।

- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुलाई भूमि समस्या समाधान आयोग मार्फत जग्गा व्यवस्थापन गराउन आवश्यक पहल गरिनेछ ।
- भू-उपयोग ऐनका आधारमा पालिकाको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गर्ने ।
- भु-उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिने, कृषि योग्य जमिनको जथाभावी प्रयोगलाई नियन्त्रण गर्ने नीति लिईने छ ।
- सडक तथा अन्य संरचना निर्माण गर्दा बढ्दै गएको भुक्ष्य नियन्त्रणको लागि बाँस निगालो अमृसो अन्य प्रजातीका विरुवाको बृक्षारोपण गरिने छ ।

**<u>सहकारी व्यवस्थापन नीति :</u>**

- गाउँपालिका भित्र कार्यक्षेत्र बनाई दर्ता भएका सहकारी संस्थाहरुलाई गाउँपालिकामा नविकरण गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।
- विगत ५ वर्षदेखि वार्षिक लेखा परिक्षण प्रतिवेदन तथा वार्षिक साधारण सभाको विवरण पेश नगरेका सहकारी संस्थाको अभिलेख तयार गरि २०८१ असोज मसान्त भित्रमा लेखापरिक्षण सम्पन्न गरि गाउँपालिका समक्ष पेश गर्न सार्वजनिक रुपमा आव्हान गरिनेछ । यसरी निर्धारीत समयमा लेखापरिक्षण नगर्ने सहकारीहरुसँग कुनै पनि कारोवार सञ्चालन नगर्न नगराउन सार्वजनिक सूचना आव्हान गरिनेछ ।
- सहकारी संस्थाहरुको क्षमता विकास तथा सक्रिय रुपमा सञ्चालनमा रहेका सहकारीहरुलाई सहकारी तथा गरिबी सम्वन्धि व्यवस्थापन सूचना प्रणली (CoPoMIS) प्रयोगलाई अनिवार्य गराउन आवशयक क्षमता विकास गरिनेछ ।
- सहकारी संस्थाहरुलाई सुचना प्रविधिमैत्री बनाई सफ्टवयरमा आधारित लेखा व्यवस्थापनका लागि प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकामा सञ्चालन भएका सहकारीहरुको अनुगमन गरि उत्कृष्ठ काम गर्ने सहकारी छनोट तथा पुरस्कृत गरिनेछ ।
- सबै कृषकहरुलाई सहकारीमा आवद्ध गराई अनुदान तथा पुँजि परिचालन सहयोग वितरणको सहकारी मार्फत संचालन गर्न प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- सहकारी संस्थाको दर्ता, नविकरण कार्यलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ ।
- बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम व्यवस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- संकटग्रस्त सहकारीलाई संघ, प्रदेश र सम्बन्धित स्थानीय तहसँगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका आवश्यक कार्य गरिनेछ ।

❖ सहकारीबाट ऋण लिई समयमा असुली नगर्ने ऋणीहरुलाई सहकारीको लिखित अनुरोध आएमा गाउँपालिकाबाट दिने सेवा प्रवाह स्थगन गर्ने, सार्वजनीक निर्माण लगायतका कार्यमा बन्देज गर्ने जस्ता कार्यहरु गरि ऋण असुलीलाई सहज बनाउन सहकारी विभाग प्रमुखको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरि आवश्यक कार्य गरिनेछ ।
❖ निष्कृय रहेको सहकारीहरुलाई खारेजी प्रकृय अगाडी बढाईने छ ।
❖ गाउँपालिकामा सूचिकृत फर्महरुबाट सहकारीहरुको लेखापरिक्षण गराईने छ ।

## सूचना प्रविधि तथा सञ्चार नीति

❖ सूचना प्रविधि केन्द्रको स्थापनाको लागि आवश्यक पूर्वाधार विकासमा जोड दिदै घरको अभिलेखीकरण विद्युतीय प्रणाली शुरु गरिनेछ . गाउँपालिकाको जी.आइ.एस. म्यापिङ गरि प्रत्येक घरधुरीको पारिवारिक विवरण तयार गर्ने ।
❖ पालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाको आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित र सुरक्षित राख्ने र एकिकृत तथ्याङ्क संकलनमा जोड दिने र तथ्याङ्क संकलनमा एकरुपता ल्याउने निति लिईने ।
❖ इन्टरनेट सेवा विश्वासिनिय बनाउन जोड दिने र इन्टरनेट सेवा विस्तार गर्ने निति लिईनेछ भने धार्मीक तथा पर्यटकीय क्षेत्रहरुमा फ्रि वाईफाईको व्यवस्था गरिने ।
❖ पालिकाका सबै वडाहरुलाई इन्टरनेटको माध्यमबाट जोडि आफ्नै सर्भरमा तथ्याङ्क व्यवस्थापन गरिनेछ.
❖ डिजिटल पालिका तथा स्मार्ट पालिकाको अवधारणा खाका तयार गरि विद्युतीय प्रणालीबाट स्थानीय सरकारी सेवालाई नागरिकको पहुँच योग्य बनाइनेछ .
❖ सेवा प्रवाहमा टोकन प्रणाली, सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामाजिक सञ्जाल लगायत विविध प्रविधिसँग जोड्दै थप व्यवस्थित बनाउँदै लगिनेछ .
❖ पाँचपोखरी थाङ्पाल गाउँपालिकाको मुख्य आयस्रोत बन्न सक्ने पर्यटन व्यवसायलाई प्रभावकारी बनाउन पर्यटन एप्सलाई विस्तार गर्दै लगिने छ ।
❖ जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधिमैत्री वनाउन तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिने ।
❖ विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला, गणित लगायतका विषयमा विद्यालस्तरदेखि नै अनुसन्धान र नवप्रवर्तनको सोच र क्रियाशिलताको विकास गर्ने गरी कोषको स्थापना गर्ने र पालिका भित्रका बालबालिका तथा युवाहरुको नविनतम सोचको मुल्याङ्कन गरी नवप्रवर्धनमा लगाउने ।

**रोजगार सेवा नीति**

- गाउँपालिका क्षेत्रमा प्रत्यक्ष रुपमा रोजगारी सिर्जना हुने गरि सञ्चालन गर्न सकिने सम्भाव्य श्रममुलक योजनाहरुको विवरण वडा स्तरबाट संकलन गरि गाउँपालिकाले **योजना बैंक निर्माण गर्ने र वजेट उपलब्धताको आधारमा उक्त योजनाहरु क्रमश कार्यान्वयन गर्ने** व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र विभिन्न विषगत शाखा मार्फत सञ्चालनहुने योजनाहरुमा श्रमीक आवश्यक पर्ने भएमा सम्वन्धित वडामा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई अनिवार्य काममा लगाउने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाले सञ्चालन गर्ने रु ५ लाख सम्मको लागत अनुमान भएका योजनाहरु **कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७** अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र सञ्चालन हुने **सार्वजनिक निर्माणमा आवश्यक पर्ने अदक्ष कामदार परिचालन गर्दा निर्माण व्यवसायी, उपभोक्ता समिति तथा अन्य कार्यक्रमले अनिवार्य रुपमा रोजगार सेवाकेन्द्र सँग समन्वय गरि सूचीकृत कामदार प्रयोग गर्नुपर्ने** व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका अन्तरगत वडा कार्यालयले योजना छनोट गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमको अलावा **वडा स्तरमा कम्तिमा एक वटा योजना कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७** अनुसार कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालन हुने **आयोजनाहरुमा न्यूनतम ३० प्रतिशत लागत साझेदारी गर्ने व्यवस्था मिलाइनेछ** ।
- गाउँपालिकाले **करार तथा ज्यालादारीमा कर्मचारी भर्ना गर्दा रोजगार सेवा केन्द्रमा सूचीकृत शैक्षिक बेरोजगार व्यक्तिहरुलाई प्राथामिकता** दिने गरि आवश्यक व्यवस्था मिलाइनेछ ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई गाउँपालिकाबाट सञ्चालन हुने **सिपमुलक तालिममा सहभागि गराई दिगो रोजगारी** सिर्जनाका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई **एक वडा एक पकेट** क्षेत्र कार्यक्रम मार्फत कृषि तथा पशुपालनमा आधारित रहेर दिगो रोजगारीको अवसर सिर्जना गर्ने व्यवस्था मिलाइनेछ ।

**गैर सरकारी संस्था नीति :**

- गाउँपालिकामा एक गैर सरकारी संस्था समन्वय कक्ष स्थापना गरी समन्वय गर्ने व्यक्ति तोकिने छ ।

- ❖ गैर सरकारी संस्थाहरुको कार्यक्रम निर्माण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रमले तोकेका प्राथामिकताका क्षेत्रमा रहने गरी गाउँपालिकाको प्रत्यक्ष निगरानीमा कार्यक्रम कार्यन्वयन गरिने छ ।
- ❖ गाउँपालिकाको अनुमती लिएर लिखित साझेदारी पत्रको आधारमा दोहोरोपन नआउने गरी योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था गरिने छ ।
- ❖ सबै संघ-संस्थाहरुलाई गाउँपालिकामा सूचिकृत गराउने नीति लिईनेछ ।

**<u>सीप विकास तथा उद्यमशिलता प्रर्वद्धन सम्बन्धी नीति :</u>**

- ❖ सीप सिक्न ईच्छुक गाउँपालिकाबासीहरुलाई सीप प्रशिक्षण (काष्ठकला, धातुकला, बाजा तथा बाँसबाट बन्ने सामाग्रीहरु) लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ नेपाल सरकारले स्विकृत गरेको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय सरकारले प्रभावकारी तथा व्यवस्थित रुपमा कार्यान्वयन तथा संचालन गरिने छ ।
- ❖ प्रत्येक वर्ष गाउँपालिकाले ५० जना लघु उद्यमीहरु सिर्जना गरी वेरोजगारहरुलाई रोजगारी प्रदान गरिने छ ।
- ❖ लोप उन्मुख पेशा (राडीपाखी, गलैचा र स्यामा) बुन्ने तालिमहरुलाई विशेष महत्वमा राखिने छ ।
- ❖ हस्तकला सम्बन्धी पेशाहरुलाई थप प्रभावकारी बनाइने छ ।
- ❖ स्थानीय स्तरमा रहेको स्रोतहरुलाई परिचालन गरी लक्षित समूहहरुलाई लघु उद्यमी बनाइने छ ।
- ❖ विगतका आ.व. हरुमा मेडेपा कार्यक्रमबाट प्रत्यक्ष लाभान्बित भई रोजागर प्राप्त उद्यमीहरुको सुची तयार पारिने छ ।
- ❖ स्थानीय कला सिप र अनुभवको संरक्षण र उपयोग गर्दै घरेलु उद्यमशीलता विकासको लागि बहु पक्षीय समन्वय र सहकार्यलाई जोड दिइने छ ।
- ❖ लघु उद्यमीहरुको सिप विकासको लागि प्रदेश र संघसंग सहकार्य गर्दे उद्यमशीलता प्रवर्धन गरिने छ ।
- ❖ पानी फ्याक्ट्री, चाउमिन, दुनोट, छुर्पी, अचार, थुक्पा जस्ता साना उद्योग स्थापनामा गर्ने व्यवस्था मिलाईने छ ।

**<u>अर्न्तराष्ट्रिय सम्बन्ध सम्बन्धी नीति :</u>**

- ❖ स्वदेशी तथा विदेशी सहरहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।
- ❖ विदेशमा रहने यस गाउँपालिकाका नागरिकहरुलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्नका लागि आवह्‍न गरिनेछ ।

**ग्रामिण विकास तथा भवन मापदण्ड सम्बन्धी नीति :**

- भवनको नक्सा पास प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन विद्युतीय भवन अनुमती प्रणाली (Electronic Building Permit System) लाई थप प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाईनेछ । Digital Signature लाई आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याईनेछ ।
- भवन निर्माण अनुगमन संयन्त्रलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप निर्माण भएका तर नक्सा पास नगरिएका भवनहरुलाई एक वर्ष भित्रमा नक्सा पास गरी अभिलेखिकरण गर्नेलाई २० प्रतिशत राजस्व छुट गरिनेछ ।

**सार्वजनिक निजि साझेदारी सम्बन्धी नीति :**

- सार्वजनिक निजि साझेदारी प्रारुपमा संचालनमा रहेका परियोजनाहरुको सम्झौता बमोजिम कार्य भए नभएको अनुगमन गरी आवश्यक निर्देशन दिन एक संयन्त्र गठन गरी परिचालन गरिनेछ ।
- गाउँपालिका सार्वजनिक निजी साझेदारी ऐन, २०७६ बमोजिम सार्वजनिक निजि साझेदारी प्रारुपमा संचालन गर्न सकिने सम्भावित परियोजनाहरुको पहिचान गरी कार्यान्वयन गरिनेछ ।

**उधोग, बाणिज्य तथा आर्थिक विकास नीति :**

- यस गाउँपालिकामा उद्योग, कलकारखाना र ठुला व्यवसाय स्थापना र सञ्चालनको लागि लगानी तथा व्यवसाय मैत्री वाताबरण तयार गरी लगानी गर्न निजी क्षेत्रलाई समेत आवह्मन गरिनेछ ।
- यस गाउँपालिकामा एक मेघावाट भन्दा कम क्षमताको जलविद्युत आयोजना सञ्चालन गर्नको लागि आवश्यक कानुन निर्माण गरिनेछ भने सो भन्दा बढी क्षमताको जलविद्युत आयोजना सञ्चालन गर्न लगानीकर्तालाई आकर्षित गरिनेछ ।
- व्यवसाय दर्ता, नविकरण बजार अनुगमन तथा मर्यादित व्यवसाय संचालनको लागि उधोग बाणिज्य संस्थासँग सहकार्य गरिने छ ।
- साना तथा मझौला उधोगहरु संचालनमा निजी क्षेत्रहरुलाई आवह्मन गरिनेछ ।
- **शुद्ध पिउने पानी , थुक्पा, छुर्पी, खाप्सी, अचार, दुनोट उधोग** जस्ता अन्य स-साना, मझौला उधोग स्थापनालाई जोड दिईने छ ।

**हाम्रो संकल्प :**

**१. हाम्रा जनप्रतिनिधीहरु शासक होइनन, जनताको सेवक हुनेछन ।**

**२. हाम्रो गाउँपालिकालाई पारदर्शी, जवाफदेही सहितको सुशासन युक्त नमुना बनाईने छ ।**

**३. हाम्रो जनप्रतिनिधीहरुले भ्रष्टचारी, व्यक्तीवादी, अनियमितता र सार्वजनिक सम्पतीको दोहन गर्नेहरुलाई कानुनी कारवाहीको दायरामा पुऱ्याउन अग्रणी भूमिका खेल्ने छन् ।**

**४. हाम्रो गाउँपालिकामा पाहुना हाम्रा साथीको विकासलाई अतिथी देव भवको रुपमा विकास गरिने छ**

**५. हाम्रो गाउँपालिकामा सेवा नै धर्म हो भन्ने मान्यताको विकास गरिनेछ ।**

**६. हाम्रो गाउँपालिकामा म मेरो पालिका म आफै चिनाउछु भन्ने मान्यता स्थापित गराईने छ ।**

हार्दिक धन्यवाद सहित
**टासी लामा**
सम्माननीय अध्यक्षज्य
पाँचपोखरी थाङपाल गाउँपालिका

# पाँचपोखरी थाङपाल गाउँपालिकाको गाउँसभाका १३ औं अधिवेशन समक्ष पेश भएको २०८०/०८१ को बजेट बक्तव्य

**सभा अध्यक्षज्यु**
**गाउँसभाका सदस्यज्युहरु**
**प्रशासकीय अिधकृतज्यु**
**राष्ट्रसेवक कर्मचारीहरु ।**

१. सिन्धुपाल्चोक जिल्लाको आर्थिक, सामाजिक, धार्मिमक, शैक्षिक, कृषि तथा पयर्टनको हिसावले महत्वपुर्ण केन्द्रको रुपमा स्थापित हुदैं गएको पाँचपोखरी थाङपाल गाउँपालिकाको सभाबाट पारित बार्षिक नीति तथा कार्यक्रमलाई मुर्त रुप दिन आर्थिक बर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी भएको छु । सम्पन स्थानीय तहको निवार्चनबाट हामीलाई मत प्रदान गरी निर्वाचित गर्नु हुने आम मतदाता लगायत सम्पूर्ण पालिकाबासी जनसमुदाय प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा नेपालको युगान्तकारी परिवतर्नको लागि भएका विभिन्न आन्दोलनमा आफ्नो जीवन उर्त्सग गर्नु हुने ज्ञात अज्ञात शहीदहरू प्रति उच्च सम्मानका साथ हार्दिक हार्दिक श्रदाञ्जली अपर्ण गर्दछु ।

३. नेपालको संविधान २०७२ को व्यवस्था अनुसार ३ तहका सरकार मध्ये जनतासँगै प्रत्यक्ष सम्बन्धमा रही स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम यस गाउँपालिकाको सर्वागिंण विकासका लागि यस अघिका वर्षहरुमा भएका सकरात्मक अनुभवहरुलाई निरन्तरता सुधारात्मक शिक्षा सहित यस पालिकामा जनताका जिवनस्तर उकास्न र जनउत्तरदायित्वको बोधबाट अभिप्रेरित गर्न ०८०/०८१ को नीति तथा कार्यक्रमहरु आवश्यकताका सबै पक्षहरुलाई समेटेर पाँचपोखरी थाङपाल गाउँपालिकालाई समृद्ध बनाउनका लागि अथक मेहनत गर्दै आइरहेका छौं ।

४. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार, बाग्मती प्रदेश सरकार, पाँचपोखरी थाङपाल गाउँपालिकाका ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवाधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन दिगो विकास लक्ष्य, मध्यकालिन खर्च संरचना र गाउँपाीलकाको नीति तथा कार्यक्रलाई आधार मानेर तयार गरिएको छ ।

५. आगामी आर्थिक वर्ष २०८०/०८१ को लक्ष्य अनुमान गर्दा आर्थिक मितव्ययीता, कार्यान्वयन क्षमता , विकासका आवश्यकता र नागिरकको अपेक्षा पूरा गर्न गाउँ पालिलकालाई संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान र आन्तरिक आम्दानीको परिचालन गरी उत्पादन र रोजगार अभिवृद्धी गर्न योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मलाएको छु ।

६. आगामी आर्थिक वर्ष २०८०/०८१ को लाीग बजेट तर्जुमा गर्दा विगत वर्ष देखि निर्माण सूरु भएका भौतिक पुर्वाधार निर्माणका कार्यलाई पूर्णता दिने गरी बजेट विनियोजन गरेको छु । पालिक भित्र निमार्ण भएका सडक पूर्वाधारको क्रमस : स्तरोन्नती गर्ने व्यवस्था मिलाएको छु ।

७. एक घर एक धारा खानेपानी सिंचाई, कार्यक्रमलाईै पुर्णता दिने वस्तीमा विधुतीकरण, सडकको पहुँच विस्तार गर्ने , कृषि उत्पादन र वजारिकरणको व्यवस्था गर्ने , स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गर्ने , सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पर्यटनलाई विस्तार गरी पारदर्शी र जवाफदेहीता कायम गर्दै अनुशासनको अनुभूती दिलाउने जस्ता योजना तथा कार्यक्रमलाई समावेश गरेको छु ।

६. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदान , विशेष अनुदान , समपुरक अनुदान र सामाजिक सुरक्षालाई सम्बन्धीत कार्यक्रममा नै खर्च हुने व्यवस्था मिलाइएको छु ।

**सभाध्यक्षज्यू**

आ.व. २०८०/०८१ को लागि निर्धारित गरिएका बजेट श्रोत मध्ये राजश्व बाँडफाँड र सवारी साधन कर बाँडफाँड, वित्तीय समानीकरणमा बजेट कम प्राप्त हुन आएको हुँदा श्रोतमा चाप परेको छ । आन्तरिक श्रोतमा पनि आकलन गरेजति संकलन हुन सकेको छैन ।

**सभाध्यक्षज्यू**

## अब म बजेट निर्माणका आधारहरु प्रस्तुत गर्दछु ।

१) नेपालको संविधान २०७२ ले दिएको अधिकार
२) स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिर्ग्दशन २०७४ का मापदण्ड
३) स्थानीय सरकार संचालन ऐन २०७४
३) दिगो विकास लक्ष्य कार्यन्वयन
४) राष्ट्रिय प्राकृतीक स्रोत तथा वित्त आयोग ऐन २०७४
५) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
६) संघिय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु
७) स्थानीय निर्वाचनमा गरेका प्रतिवद्धताहरु
८) स्थानीय तहको मध्यकालिन खर्च संरचना
९) स्थानीय वासीहरुको रायसल्लाह सुझाव
१०) संघिय प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
११) सरोकार वाला संघ संस्थाको रायसल्लाह सुझाव

**सभाध्यक्षज्यू तथा सदस्यज्यूहरु**

अव म आगामी आर्थिक बर्ष २०८०/०८१ को बजेटका उद्धेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## बजेटका उद्धेश्यहरु निम्नानुसार रहेका छन ।

क) स्वास्थ्य, शिक्षा, कृषि क्षेत्रमा लगानी गरी समृद्ध पाँचपोखरीको लागि सक्षम जनशक्ती निर्माण गर्ने ।

ख) कृषिमा उत्पादकत्व वृद्धी गरी नागरीकहरुको खाद्य तथा पोषण सुरक्षामा सुनिश्चित गर्ने

ग) २०७८/०३/०१ गते र त्यस पछी यस गाउँपालिकामा आएको भिषण बाढी पहिरो र कोभिड १९ को सम्भावित जोखिम र अन्य संक्रामक रोग र विपद्जन्य जोखिमबाट नागरिकको जीवन रक्षा गरी जनजीविकालाई सहज बनाउने ।

घ) सडक भवन जस्ता पूर्वाधारलाइ गुणस्तरीय र दिगो बनाउने ।

ङ) राहत सँगै रोजगारी कार्यक्रम संचालन गरी विदेशबाट फर्केका व्यक्ति तथा यस क्षेत्रमा रहेका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आधारित रोजगारी प्रदान गर्ने ।

च) सार्वजनिक सेवालाइ प्रभावकारी बनाउने ।

छ) उत्कृष्ट पर्यटकिय गन्तव्य स्थलको रुपमा पहिचान बोकेको यस क्षेत्रमा पर्यटकिय गतिविधी सूचारु गर्दै यस गाउँपालिकालाइ कृषि साहसिक र आध्यात्मिक पर्यटन क्षेत्रको रुपमा विकास गर्ने ।

**सभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु**

## बजेटका उद्धेश्यहरु हासिल गर्न मैले देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु ।

क)स्वास्थ्य र शिक्षा क्षेत्रमा गुणस्तरीयता वृद्धी

ख) गुणस्तरीय र दिगो पूर्वाधार विकास

ग) सार्वजनिक सेवाको प्रभावकारीताको लागि सुशासनयुक्त गाउँपालिकाको निर्माण ।

घ) समृद्धीको आधार र सम्वाहक कृषि र पर्यटन

ङ) विपद् तथा महामारीजन्य परिस्थीतिबाट सुषुप्त अवस्थामा रहेको यस क्षेत्रको आर्थिक विकास

**सभा अध्यक्षज्यु, सभाका सदस्यज्युहरु**

अव म आगामी आर्थिक बर्ष २०७९/०८० को हालसम्मको आय व्यय सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

## आर्थिक बर्ष २०७९/०८० को आय व्यय

| क स | विवरण | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | प्रशासनीक चालु खर्च | 55861486.13 | 57.52 |
| 2 | संघिय सरकारबाट हन्तान्तरित | | |
| | चालु | 155137371.01 | 83.4 |
| | पुजीगत | 14397362.00 | 69.13 |
| 3 | प्रदेश सरकारबाट हन्तान्तरित | | |
| | चालु | 3689359.00 | 44.22 |
| | पुजीगत | 23274648.00 | 46.27 |
| 4 | शिक्षा | 14310000.00 | 81.64 |
| 5 | कृषि | 4465917.00 | 74.43 |
| 6 | स्वास्थ्य | 2183569.00 | 54.58 |
| 7 | सम्रग पालिका | | |
| | चालु | 280963683.08 | 71.39 |
| | पुजीगत | 151215717.28 | 66.29 |
| | जम्मा | 432179400.00 | 69.52 |

**सभा अध्यक्षज्यु, सभाका सदस्यज्युहरु**

अव म आगामी आर्थिक बर्ष २०८०/०८१ को आयका शिर्षकहरु सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

# आ.व. 2080÷081 को आय तर्फ

| सि.नं. | आयका शिर्षकहरु | रकम |
|---|---|---|
| **संघीय सरकार** | | |
| 1 | वित्तीय समानीकरण अनुदान | 113100000 |
| 2 | शर्सत अनुदान | 204600000 |

| | | |
|---|---|---|
| 3 | समपुरक अनुदान | 8500000 |
| 4 | विशेष अनुदान | 15000000 |
| 5 | राजश्व बाँडफाँड | 86253500 |
| | **संघीय सरकार जम्मा (क)** | **427453500** |
| **प्रदेश सरकार** | | |
| 1 | वित्तीय समानीकरण अनुदान | 11556000 |
| 2 | शर्सत अनुदान | 23418000 |
| 3 | विशेष अनुदान | 8000000 |
| 4 | प्रदेश सरकार सवारी साधन कर बाँडफाड | 29000000 |
| 5 | समपुरक अनुदान | 19000000 |
| | **प्रदेश सरकार जम्मा (ख)** | **90974000** |
| **अन्य आय** | | |
| 1 | रोयल्टी बाँडफाँड | 3000000 |
| 2 | आन्तरिक आय गाउँपालिका | 7500000 |
| 3 | जिल्ला समन्वय समिति समपुरक | 5000000 |
| 4 | गत आ.व. को मौज्दात रकम | 25000000 |
| | **जम्मा (ग)** | **40500000** |
| | **गाउँपालिकाको जम्मा आय** | **558927500** |

**आ.व. 2080÷081 को व्यय तर्फ**

| सि.नं. | व्यय विवरण | रकम |
|---|---|---|
| 1 | कृषि विकास कार्यक्रम | 5500000 |
| 2 | न्यायिक समिति | 1310000 |
| 3 | सामिजक सुरक्षा तथा पञ्जिकरण | 500000 |
| 4 | पर्यटन विकास | 2250000 |
| 5 | पशु विकास कार्यक्रम | 3500000 |
| 6 | युवा तथा खेलकुद | 3200000 |
| 7 | बालबालिका | 550000 |

| | | |
|---|---|---|
| 8 | महिला | 1600000 |
| 9 | अपाङग | 400000 |
| 10 | शिक्षा विकास | 18239500 |
| 11 | सामाजिक बिकास | 800000 |
| 12 | स्वास्थ्य | 5243000 |
| 13 | राजस्व | 500000 |
| 14 | दलित | 500000 |
| 15 | आदिबासि | 550000 |
| 16 | जेष्ठ नागरिक | 500000 |
| 17 | सुचना प्रविधि | 2400000 |
| 18 | लघुउद्यम विकास संग अध्यक्ष उद्यमशिलता कार्यक्रम | 800000 |
| 19 | संस्थागत सुदृढीकरण | 28475000 |
| 20 | रोजगार | 2630000 |
| 21 | सहकारि | 400000 |
| 22 | श्रृजित दायित्व | 9950000 |
| 23 | दशैलक्षित बाटो मर्मत | 8500000 |
| 24 | प्रकोप व्यवस्थापन कोष | 10000000 |
| 25 | आर्थिक सहायता कोष | 1500000 |
| 26 | गाउँपालिका समपुरक | 5000000 |
| 27 | गाउँपालिका भवन निर्माण | 5000000 |
| 28 | वन बातावरण तथा भु संरक्षण | 1000000 |
| 29 | वडा कार्यालय फर्निचर सामाग्रि व्यवस्थापन | 1000000 |
| 30 | विद्यालय भौतिक सुधार | 1000000 |
| 31 | अध्यक्षसँग जनता कायर्क्रम | 5000000 |
| 32 | उपाध्यक्षसँग समृद्धि कार्यक्रम | 3000000 |
| 33 | खानेपानि मर्मत सम्भार | 3300000 |
| 34 | सिचाइ मर्मत | 3600000 |
| 35 | झोलुङगे पुल साझेदारी कार्यक्रम | 2000000 |
| 36 | गाउँपालिका कवडहल निर्माण | 1800000 |

| | | |
|---|---|---|
| 37 | विद्युत तथा उर्जा विकास | 1000000 |
| 38 | भु सेवा केन्द्र व्यवस्थापन | 500000 |
| 39 | गाउँपालिकास्तरिय योजना | 20000000 |
| 40 | वडास्तरिय योजना | 28000000 |
| 41 | गा=पा= कार्यालय व्यवस्थापन तथा घेराबार | 1000000 |
| 42 | फार्मेसि संचालन | 1500000 |
| 43 | पालिका प्रहरी चौकी व्यवस्थापन | 500000 |
| 44 | प्रदेश योजना साझेदारी | 5000000 |
| 45 | चालु खर्च | 81856000 |

**सभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु**

१) **"गुणस्तरीय शिक्षाको आधारः प्राविधिक शिक्षाको विस्तार** र सामुदायिक विद्यालयमा सुधार" बनाउने उद्देश्यले शिक्षा क्षेत्रमा १ करोड ८२ लाख ३९ हजार बजेट विनियोजन गरेको छु।

३. स्थानीय पाठ्यपुस्तक लागु गर्दै विशिष्ट व्यक्तिको योगदानलाई कदर गर्दै पुस्तकमा राखिने छ।

२. शिक्षा क्षेत्रमा आ.व. २०८०/०८१ को लागि शैक्षिक गुणस्तर अभिवृद्धिको लागि गैर सरकारी संस्थाहरु सँगको लागत साझेदारीलाइ निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु।

४.) विद्यालयमा जाने अनुदानलाइ कार्य सम्पादनको आधारमा जाने व्यवस्था मिलाएको छु।

५. नागरिक आरोग्यता प्रर्वद्धन गर्न उपयुक्त आहार, विहार, ध्यान, योग, प्राणयाम आदिबारे विद्यालय तह लगाएतका क्षेत्रमा समेतमा सचेतना कार्यक्रमहरु संचालन गर्न अवश्यक बजेट विनियोजन गरेको छु।

६. सबै बर्थिङ सेन्टरहरुको स्तरोन्नती , गाउँपालिकाभित्र एकीकृत एम्बुलेन्स सेवा संचालनका , ७० वर्ष माथिका जेष्ठ नागरीक, क श्रेणीका अपाङग, विपन्न विधुवा महिला र विपन्न दिर्धरोगी विमारीहरुलाई सम्बन्धीत , **जेष्ठ नागरिकहरुलाई घर घरमा गई निशुल्क स्वास्थ्य उपचार सेवा प्रदान** गर्ने जस्ता कार्यक्रमलाई विशेष जोड दिएको छु।

७. गाउँपालिकाभित्र एकीकृत एम्बुलेन्स सेवा संचालनको व्यवस्थालाई निरन्तरता दिइएको छ।

८) कृषि र पशुलाइ आर्थिक क्षेत्रको आधारशिलाको रुपमा विकास गर्न यस क्षेत्रमा लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९. **अर्गानिक कृषि खेतीको** , कृषकहरुले उत्पादन गरेका अन्न, उपज, तरकारी, फलफुल लगायतका सामाग्रीहरुको उचित बजार , **"भरिलो भकारी - कृषिमा सहकारी"**अभियान सञ्चालन गर्दै कृषि सहकारी संस्थाहरुसँग साझेदारी गरी स्थानीय विउ उत्पादन र संरक्षण कार्यक्रमलाई निरन्तरता दिएको छु।

९)"**पशुपालनको आहार र स्याहार - आयआर्जनको आधार"**का जस्ता कार्यक्रमलाई कार्यान्वयन गर्न पशुपंक्षी व्यवसाय प्रवर्द्धन गर्न पशुपंक्षी जन्य व्यवसाय उद्यमशीलता प्रवर्द्धन गर्न पशु व्यवसायीलाइ प्रोत्साहन गर्न रु ३५ लाख बोट विनियनेजन गरेको छु ।

१०. डेरीबाट दुध संकलन गर्ने किसानलाई प्रति लिटर रु. २ का दरले प्रोत्साहन , पशुजन्य रोग र महामारी नियन्त्रणको लागि आवश्यक औषधि व्यवस्थापन निरन्तरता दिएको छु ।

११. पर्यटन क्षेत्रको समष्टिगत कार्यकम र गतिविधि संचालन गर्न पर्यटनको विकासका लागि यस वर्ष रु २२ लाख ५० हजार विनियोजन गरेको छु ।

१२. गाँउपालिकाभित्रका २ वा सो भन्दा बढी विद्यालयमा पर्यटन क्लब निर्माण गरी उक्त क्लब मार्फत **"मेरो गाउँ, म चिनाउँछु, म भित्राउँछु हाम्रो गाउँमा पर्यटक, आफ्नै गाउँमा बसेर"** भन्ने अभियान , संचालन गरिने छ ।

१३. गाँउपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, बहाल, पोखरी, चैत्य, स्तुपा आदिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाईनेछ । ऐतिहासिक परिचय खुल्ने गरी सबै भाषाका ऐतिहासिक महत्व बोकेका स्थानहरुलाई नामाकरण गरी संकेत चिन्ह राख्ने कार्यलाई अगाडी बढाईने छ ।

१४. प्रकोप व्यवस्थापन कोष स्थापना गरी संचालन गर्न रु १ करोड विनियोजन गरेको छु ।

१५. बाढी तथा पहिरोको उच्च जोखिममा रहेका समुदायहरुको भौगर्भिक अध्यनका लागि प्रदेश, संघीय सरकार र अन्य संघसंस्थाहरुसँग समन्वय गरिनेछ । बाढी पहिरो पिडित लाभग्राहीका घर पुर्ननिर्माणलाई निरन्तरता दिइनेछ ।

१६. पूर्वतयारी सम्बन्धी काम, पूर्व सूचना प्रणालीको , स्थापता, नमूना अभ्यास सचालन प्रतिकार्य समिति पुर्नगठन तथा क्षमता विकास, तालिम प्रशिक्षण र उद्दार तथा राहत सामग्रीको भण्डारण गर्ने व्यवस्था मिलाईएको छ ।

१७. विपद् सम्वन्धि कार्यका लागि प्रत्येक वडामा विपद् व्यवस्थापन केन्द्रको स्थापना गरी राहत र उद्धार सामाग्रीको खरिद गरी व्यवस्थापन गरिनेछ ।

१८. सडक भवन जस्ता पूर्वाधारलाइ गुणस्तरीय र दिगो बनाउन भौतिक पुर्वाधार तर्फ आवश्यकबजेट विनियोजन गरेको छु ।

- सडकको गुणस्तर र स्तरोन्नतीको लागि नियमित र दिगो मर्मत सम्भार गर्न सडक मर्मत सम्भार आकष्मिक कोष स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९. खानेपानी, सिंचाई जस्ता अति आवश्यक कार्यहरुलाई अगाडी बढाउन रु. ६९ लाख विनियोजन गरेको छु ।

२०. भौतिक निर्माणका सबै योजनाहरुमा २० प्रतिशत अनिवार्य नगद/श्रममा आधारीत लागत साझेदारीलाई निरन्तरता दिएको छु । साथै गाउँपालिका भित्रका **विजुलीका नाङगो तार विस्थापन गरी केवल तार राख्ने** कार्यलाई निरन्तरता दिईएको छ ।

२१. **एक घर एक धारा र एक मिटर अभियान** सम्पन्न गर्ने गरि अगाडि बढाइनेछ ।

२२. महिला, दलित, आदीवासी जनजाती, अपाङग, बालवालिका लगाएत लक्षित वर्ग तथा सामाजिक समावेशीकरणका सबै कार्यक्रमलाई निरन्तरता दिदैं आवश्यक बजेट विनियोजन गरेको छु ।

२३. "**जेष्ठ नागरिकको अनुभव- युवा पुस्ताका लागि वैभव"**अभियान, **बालश्रम तथा वालविबाह मुक्त गाउँपालिका घोषणा गर्न विशेष अभियान ,** बैंकिङ प्रणाली मार्फत वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई वितरणलाई निरन्तरता दिएको छु

२४. सार्वजनिक सेवा प्रवाहलाई नागरिक मैत्री बनाउने, पर्यटनलाई विस्तार गरी पारदर्शि र जवाफदेहीता कायम गर्दे अनुशासनको अनुभूती दिलाउने जस्ता विभिन्न योजना तथा कार्यक्रमलाई समावेश गरेको छु । त्यसका लागि  आवश्यक बजेट विनियोजन गरेको छु ।

२५. खेलकुद क्षेत्रको समष्टिगत कार्यक्रम र गतिविधि संचालन गर्न युवा तथा खेल आवश्यक बजेट विनियोजन गरेको छु ।

२६. गाउँपालिकास्तरमा **नमूना युवा संसद** कार्यक्रम , एक वडा एक खेलकुद मैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७. यस गाउँपालिकाको विधुत तथा उर्जा कार्यलाई अगाडी बढाउन रु २० लाख बजेट विनियोजन गरेको छु ।

२८. वातावरण संरक्षण र प्रर्वद्धनका गरी सफा गाउँपालिका बनाउनका लागि वैज्ञानिक उपायहरु अवलम्बन गर्नुका साथै प्लाष्टिक झोलाको प्रयोगलाई निषेध गरी **प्लाष्टिक निषेधित गाउँपालिका घोषणा** गरिने कार्यक्रम ल्याईएको छ ।

२९. वैदेशिक रोजगारमा गएका व्यक्ति तथा उनीहरुको परिवारका सलस्यहरुमा देखा पर्ने मानसिक स्वास्थ्य तथा मनोसामाजिक समस्याको जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कार्यक्रम संचालन गरिने छ ।

३०. गाऊँपालिकाको राजश्व सुधार कार्ययोजनालाई कार्यन्वयनमा ल्याईनेछ  जसका लागि कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था गरेको छु । साथै करका केही दरहरुमा हेरफेर समेत गरेको छु ।

३१. कानून तथा मानव अधिकारका लागि_सबै वडा कार्यालयहरुमा स्थापना भई संचालनमा रहेका मेलमिलाप केन्द्रहरुलाई स्तरोन्नती गरी सबै विवादहरु दर्ता गर्ने, विपक्षी झिकाउने, प्राविधिकद्धारा स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने, मेलमिलाप प्रक्रिया सम्पादन गर्ने आदि कार्य वडा तहबाट गरी मेलमिलापबाट विवाद निरुपण गर्न अधिकतम प्रयास गरिनेछ । जसका लागि रु. १३ लाख विनियोजन गरेको छु ।

३०. भुमि व्यवस्थापनका लागि एकीकृत वस्ती र निजीघरहरू निर्माण स्वीकृती दिदाँ तोकिएको मापदण्ड र भूउपयोग ऐन बमोजिम बर्गिकृत आवासीय क्षेत्रमा मात्र दिने व्यवस्था मिलाएको छु । जसका लागि बजेट विनियोजन गरिएको छ ।

३१ . भू-उपयोग ऐनका आधारमा पालिकाको भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन ल्याइने छ ।

३२. सबै कृषकहरुलाई सहकारीमा आवद्ध गराई अनुदान तथा पुँजि परिचालन सहयोग वितरणको सहकारी मार्फत संचालन गर्न प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

३३. गाउँपालिका भित्र सञ्चालन हुने **सार्वजनिक निर्माणमा आवश्यक पर्ने अदक्ष कामदार परिचालन गर्दा निर्माण व्यवसायी, उपभोक्ता समिति तथा अन्य कार्यक्रमले अनिवार्य रुपमा रोजगार सेवाकेन्द्र सँग समन्वय गरि सूचीकृत कामदार प्रयोग गर्नुपर्ने** व्यवस्था मिलाइनेछ । रोजगार सेवा प्रबद्धनका लागि साझेदारी गर्न रु. २६ लाख विनियोजन गरेको छु ।

३४. गाउँपालिकाको अनुमती लिएर लिखित साझेदारी पत्रको आधारमा दोहोरोपन नआउने गरी योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

३५. नेपाल सरकारले स्विकृत गरेको गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय सरकारले प्रभावकारी तथा व्यवस्थित रुपमा कार्यान्वयन तथा संचालन गर्न साझेदारीका आवश्यक बजेट विनियोजन गरेको छु ।

३६. विदेशमा रहने यस गाउँपालिकाका नागरिकहरुलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्नका लागि आवह्न गरिनेछ ।

३७. **शुद्ध पिउने पानी , थुक्पा, छुर्पी, खाप्सी, अचार, दुनोट उधोग** जस्ता अन्य स-साना, मझौला उधोग स्थापनालाई जोड दिईने छ ।

**सभा अध्यज्क्षयु**

**अन्त्यमा,**

बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रदेय अध्यक्षज्यु तथा आदरणीय सभाका सदस्यज्यूहरू प्रमुख प्रशासकीय अधिकृतज्यु लगायत गाउँपालिकाका भित्रका सबै राष्ट्र सेवक कर्मचारी, राजनीति दल निजी क्षेत्र, नागरिक समाज, आम सरोकारवालाबाट प्राप्त राय, सल्लाह सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु। साथै बजेट कार्यान्वयनमा सहयोग गर्नु हुने पालिलकाबासी दाजुभाई तथा दिदीबिहनी जनप्रतिनिधी ज्युहरु, स्थानीय राजनीतिक दल ,नागिरक समाज निमार्ण व्यवसायी उपभोक्ता समिति तथा आम सरोकारवाला सबैको साथ सहयोग र समथर्न रहने अपेक्षा गरेको छु । विगतका बर्षबाट यस गाउँपालिकाले लिएका रणनीति, दीर्घकालिन विकास योजना क्षेत्रगत नीति रणनीति एवम् आगामी आर्थिक वर्षको लाीग प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रूपमा कार्यन्वयन हुन सकेमा गाउँपालिलको भौतिक पूवार्धार, आर्थिक, सामाजिक, सांस्कृतिक एवम् मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएकाले यसको सफल कार्यन्वयनका लागि सम्बन्धीत सबै पक्षहरूबाट सदा झै निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ,

सुनिता अधिकारी
उपाध्यक्ष